# विद्यालयको शैक्षिक सुधारमा मानव संसाधन व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन
विशिष्टीकरण स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको
शोधकार्य (५९८) को आंशिक आवश्यकता
परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

**प्रस्तुतकर्ता**
गोविन्द बहादुर पौडेल
एम.एड. दोस्रो वर्ष
त्रि.वि. दर्ता नं. ५५६५/८६
परीक्षा क्रमाङ्क २१८००७०/२०६७

शैक्षिक योजना तथा व्यवस्थापन विभाग
जनता बहुमुखी क्याम्पस
इटहरी, सुनसरी
२०७१

त्रि.वि.द.नं. ५५६५/८६ — शोधपत्र बुझाएको मिति २०७१/९/८
परीक्षा रोल नं. २१८००७०/२०६७ — भाइभा मिति २०७१/११/२४
८ मार्च, २०१५

# सिफारिस पत्र

प्रस्तुत शोधपत्र जनता बहुमुखी क्याम्पस शिक्षाशास्त्र सङ्काय शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत एम.एड. दोस्रो वर्षका छात्र **गोविन्द बहादुर पौडेल**ले **विद्यालयको शैक्षिक सुधारमा मानव संसाधन व्यवस्थापन** शीर्षकमा प्रस्तुत शोधपत्र मेरो प्रत्यक्ष मार्गदर्शनमा रही तयार गर्नु भएको हो । यस शोधकार्यबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

_________________________

श्री बेणु सिटौला

शोध निर्देशक

जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी

# कृतज्ञता ज्ञापन

विद्यालयको शैक्षिक सुधारमा मानव संसाधन व्यवस्थापन शीर्षकको शोधपत्र जनता बहुमुखी क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको हो ।

आफ्नो व्यस्त समय हुँदाहुँदै पनि अमूल्य सल्लाह, सुझाव एवम् निर्देशन दिएर शोधपत्र लेखनमा सहयोग गर्नुहुने आदरणीय गुरु शोध निर्देशक उप-प्राध्यापक श्री वेणु प्रसाद सिटौला प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसरी नै यस विभागका श्रद्धेय गुरु विमल नेपाल प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनका क्रममा आवश्यक जानकारी, तथ्याङ्कहरू र सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू तथा विद्यालयका अभिभावकहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययन कार्यमा सहयोग गर्नुहुने बाहुनी स्रोतकेन्द्रका स्रोतव्यक्ति प्रेमकुमार कार्की प्रति कृतज्ञता ज्ञापन गर्दछु । मलाई अध्ययन कार्यमा हौसला प्रदान गनुहूने मेरा बुबा आमा र मेरो अध्ययन प्रति सदैब साथ दिँदै आवश्यक वातावरण मिलाइदिने जीवन संगिनी यशोधा थापा (पौडेल) प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा मलाई सहयोग गर्नुहुने मेरा सम्पूर्ण मित्रहरूप्रति पनि धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस शोधपत्रलाई कम्प्युटर टाइपमा सहयोग गर्नुहुने नेहा कम्प्युटर्स इटहरीकी प्रोप्राइटर श्री रञ्जना अधिकारीप्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

शोधकर्ता

गोविन्द बहादुर पौडेल

# शोधसार


यस अध्ययनका लागि बाहुनी गा.वि.स. अन्तरगत पर्ने बाहुनी स्रोतकेन्द्रका ६ वटा विद्यालयलाई सुविधाजनक नमुना छनोट विधिका आधारमा छनोट गरिएको छ । सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षकहरू, कर्मचारीहरू, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूलाई नमुनाका रुपमा लिएर प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई विश्वसनियता र बैधताका लागि अन्तरवार्ता तथा अवलोकन दुवै अनुसन्धानका साधनहरूको प्रयोग गरी विश्लेषण गरिएको छ ।

विद्यालयको शैक्षिक सुधारमा मानव संसाधन व्यवस्थापन शीर्षकको शोधपत्रको मुख्य उद्देश्य सामुदायिक विद्यालयमा मानव संसाधन व्यवस्थापनको वर्तमान अवस्था पहिचान गर्नु, शैक्षिक सुधारका लागि मानव संसाधन व्यवस्थापन प्रक्रिया पहिचान गर्नु, मानव संसाधन व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरूको पहिचान गर्नु र विद्यालयको शैक्षिक सुधारका लागि मानवीय संसाधन व्यवस्थापनका समस्या समाधानका उपायहरू पत्ता लगाउनु रहेको छ । अध्ययन क्षेत्रका सामुदायिक विद्यालयहरूको मानव संसाधनको वर्तमान अवस्थालाई विश्लेषण गर्दा शिक्षकहरूको सङ्ख्या पर्याप्त भएर पनि सबै सरकारी तथा राहत दरबन्दी नभएको, सबै विद्यालयमा कर्मचारी अस्थायी रुपमा कार्यरत भएको, शिक्षकहरू सबै तालिम प्राप्त नभएको, विद्यार्थीको सङ्ख्या पर्याप्त नभएको, छात्र भन्दा छात्राहरूको सङ्ख्या बढि भएको, विद्यार्थीहरू अनियमित हुने गरेको देखिन्छ । विद्यालय व्यवस्थापन समितिले प्रभावकारी भूमिका निभाउन नसकेको, अभिभावकहरूले विद्यार्थीको अध्ययन कार्यप्रति कम चासो लिएको र शिक्षकहरू शिक्षण कार्यमा नियमित भए पनि प्रभावकारी शिक्षणमा कमी आएको देखिन्छ ।

सामुदायिक विद्यालयको मानव स्रोत व्यवस्थापनमा प्रधानाध्यापक, शिक्षक तथा अभिभावकहरूले विद्यालयहरूमा साधन स्रोतको सधैं कमी हुने भएकाले सीमित स्रोतको अधिकतम उपयोग गर्नुपर्ने, स्रोत जुटाउन सबैले प्रयत्न गर्नुपर्ने, प्रधानाध्यापक शिक्षकहरू बीच र शिक्षक-शिक्षकहरूबिच समुधर सम्बन्ध हुनुपर्ने, कक्षाकोठाको कुशल व्यवस्थापन गर्नुपर्ने, व्यवस्थापन पक्ष सक्षम, सवल तथा पक्षपात रहित बनाउनु पर्ने देखिन्छ । यसैगरी विद्यालयहरूमा विभिन्न किसीमका शिक्षकहरू कार्यरत रहेका, तालिम प्राप्त शिक्षकको कमी, अधिक कार्यभार, कर्मचारीको कमी, साधनस्रोतको कमी, विद्यार्थी अनियमितता आदि रहेको

पाइयो । विद्यालयमा शिक्षक तालिमको सञ्चालन, शिक्षक सेवालाई स्थायीत्व, शिक्षकहरूलाई समान तलव स्केल व्यवस्था, शिक्षकहरूको वृतिविकासमा जोड, प्रधानाध्यापक, शिक्षकहरू तथा कर्मचारीहरू नियमित हुनुपर्ने, विद्यार्थीहरूलाई नियमित गर्न सरोकारवालाहरूबिच अन्तरकृया गरिनुपर्ने विद्यालयमा शिक्षकहरूको नियमित बैठक, व्यवस्थापन समितिको नियमित बैठक हुनुपर्ने, शिक्षक कर्मचारी र विद्यार्थी अनुशासित हुनुपर्ने, दैनिक पाठयोजना बनाई अध्यापन गरिनुपर्ने यस अध्ययनमा सुझावको रूपमा समेटिएको छ ।

# विषयसूची

| | |
|---|---|
| | पृष्ठ |
| सिफारिस पत्र | क |
| स्वीकृति पत्र | ख |
| कृतज्ञता | ग |
| शोधसार | घ |
| परिच्छेद एक : परिचय | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्यहरू | ७ |
| १.५ अनुसन्धानात्मक प्रश्नहरू | ७ |
| १.६ अध्ययनको परिसीमा | ७ |
| परिच्छेद दुई | |
| सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका | ९-१४ |
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.२ अध्ययनको सैद्धान्तिक खाका | १२ |
| २.३ पुनरावलोकनको उपादेयता | १३ |
| परिच्छेद तीन : अध्ययन विधि | १५-१७ |
| ३.१ अनुसन्धानात्मक ढाँचा | १५ |
| ३.२ जनसङ्ख्या, नमुनाको आकार र नमुना छनोट विधि | १५ |
| ३.३ साधनहरू | १६ |
| ३.४ तथ्याङ्कको स्रोत | १६ |
| ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया | १७ |
| ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया | १७ |
| परिच्छेद चार : नतिजाको छलफल | १८-४० |
| ४.१ मानव संसाधन व्यवस्थापनको अवस्था | १८ |
| ४.१.१ शिक्षक व्यवस्थापन | १८ |
| ४.१.२ कर्मचारी व्यवस्थापन विवरण | १९ |
| ४.१.३ कक्षा कार्यभार सम्बन्धी विवरण | २१ |

४.१.४ शिक्षक विद्यार्थी अनुपात २१

४.१.५ विद्यार्थी नियमितता विवरण २२

४.१.६ शिक्षक कर्मचारीको तलबमान र भत्ता सम्बन्धी विवरण २४

४.१.७ शैक्षिक योग्यताको विवरण २५

४.२ मानव संसाधन व्यवस्थापन प्रक्रिया २६

४.२.१ शिक्षक नियुक्ति २६

४.२.२ शिक्षक तालिम २६

४.२.३ कर्मचारीको दरबन्दी २६

४.२.४ तलब भत्ताको सुविधा २७

४.२.५ व्यवस्थापन समितिको क्रियाशीलता २७

४.२.६ विषयगत शिक्षकको नियुक्ति २८

४.३ मानव संसाधन व्यवस्थापनमा प्रभाव पार्ने तत्त्वहरू २८

४.३.१ सेवाको स्थायित्व २८

४.३.२ कार्यभारको अवस्था २९

४.३.३ भविष्यको अवसर ३०

४.३.४ पुरस्कार, दण्ड तथा सजाय ३१

४.३.५ तलब तथा भत्ता सुविधा ३२

४.३.६ शिक्षक तथा कर्मचारी बीचको सम्बन्ध ३४

४.३.७ तालिमको व्यवस्था ३५

४.४ मानव संसाधनका समस्या समाधानका उपायहरू ३६

४.४.१ प्रधानाध्यापकहरूको मानव स्रोत व्यवस्थापन सम्बन्धी धारणा ३६

४.४.२ मानव स्रोत व्यवस्थापनमा शिक्षकहरूको धारणा ३७

४.४.३ मानव संसाधन व्यवस्थापनमा वि.व्य.स.का अध्यक्षहरूको धारणा ३९

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू ४१-४४

५.१ निष्कर्ष ४१

५.२ सुझावहरू ४२

५.२.१ नीतिगत तह ४२

५.३.२ अभ्यास तह ४३

५.३.३ अनुसन्धान तह ४४

सन्दर्भसूची

अनुसूचीहरू